कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः ०७ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७४/१०/२७

## भाग - २

# कनकाई नगरपालिकाको वातावरण तथा सरसफाई कार्यविधि-२०७४

कनकाई राजपत्र

**प्रस्तावनाः**

नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमका छनौट, तर्जुमा, कार्यावयन जस्ता प्रकृयामा जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन र वातावरण संरक्षण जस्ता नियमलाई मुलप्रबाहीकरण गर्दै वातावरणको दीगो व्यवस्थापन साथ विकास निर्माणलाई व्यवस्थापन गर्नु अत्यन्त जरुरी रहेको छ । स्वच्छ, सफा, हराभरा, शान्त र सुन्दर एवं अग्रणी नमूना-प्रतीकको रुपमा कनकाई नगरलाई उभ्याउन आवश्यक कार्यविधि तयार गर्नु यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ ।

नगरलाई स्वच्छ, सफा र हराभरा राख्नको निमित्त निश्चित स्रोत-साधन र तोकिएको समय प्रर्याप्त हुँदैन । यो त निरन्तर चलिरहने र गरिरहनु पर्ने कार्य हो । फोहोरमैला संकलन, विसर्जन तथा प्रशोधन मात्र हैन फोहोरमैलाको न्यून उत्सर्जन । निषेधमा नगरवासीको अपनत्व सिर्जना हुने गरी समन्वय-सहकार्य हुनु पनि आवश्यक छ । यिनै कुराहरुलाई हृदयङ्गम गरी कनकाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "कनकाई नगरपालिकाको वातावरण तथा सरसफाई कार्यविधि, २०७४" रहने छ।

ख) यो कार्यविधि कनकाई नगरपालिकाको कार्यपालिकाबैठक बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा :**

क) "ऐन" भन्नाले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ लाई संझनु पर्छ ।

ख) "विधेयक" भन्नाले कनकाई नगरपालिकाले अबलम्बन गर्ने 'नगरपालिका वातावरण तथा सरसफाई कार्यविधि, २०७४' लाई संझनु पर्छ ।

ग) "नगरपालिका" भन्नाले कनकाई नगरपालिकालाई संभ्कनु पर्दछ ।

घ) "नगरप्रमुख" भन्नाले नगरपालिका (कार्यविभाजन) नियमावली २०७४ को दफा को 'क' वमोजिम निर्वाचित वहालवाला नगरप्रमुख वा नगरप्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ।

ङ) "सार्वजनिक नीजि क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र नीजि क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई संझनु पर्दछ ।

च) "स्वीपर" भन्नाले नगरपालिकाको स्वीपर वा कुचिकार भई काम गर्न नियुक्त कर्मचारी संझनुपर्दछ ।

छ) "अधिकार प्राप्त व्यक्ति वा निकाय" भन्नाले यस कार्यविधिले तोकेको केही वा सवै कार्यको निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनका साथै यस शब्दले 'प्रमुख प्रशासकीय अधिकृत' लाई समेत जनाउने छ ।

ज) "टोल विकास संस्था" भन्नाले सामाजिक परिचालनको माध्यमबाट निश्चित प्रकृया पूरा गरी स्थानीय स्तरका सबैं घर-धुरी सदस्य रहने गरी 'टोल विकास संस्था सञ्चालन कार्यविधि २०७३ बमोजिम स्थापना भई नगरपालिकामा सूचिकृत' भएका सामुदायिक संस्थालाई संझनु पर्दछ ।

झ) "नीजि क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ-संस्था तथा अन्तराष्ट्रिय संघ-संस्था समेत भनी बुझ्नु पर्दछ ।

ञ) "कोष" भन्नाले वातावरण, जलवायु अनुकुलन र फोहोरमैला व्यवस्थापन कोषलाई संझनुपर्दछ ।

ट) "समिति" भन्नाले वातावरण संरक्षण तथा जलवायु अनुकुलन समितिलाई संझनुपर्दछ ।

ठ) "उपसमिति" भन्नाले यसै कार्यविधिको दफा २, ७ अन्तरगत गठित समितिहरुलाई संझनुपर्दछ ।

ड) "पदाधिकारीहरु" भन्नाले प्रमुख, उपप्रमुख र नगरपालिकाका कार्यपालिका सदस्यहरुलाई संझनुपर्दछ ।



कनकाई राजपत्र

ढ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक र मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु वीचको अन्तरक्रिया तथा अन्तर सम्बन्धलाई संझनु पर्दछ ।

ण) "नगरपालिकाले गर्ने कार्य" भन्नाले वातावरण तथा विपद् व्यवस्थापन समितिले यस कार्यविधि अनुरुप गर्ने कार्य भन्ने संझन पर्दछ ।

त) "अनुगमन समिति" भन्नाले यस वातावरण तथा विपद् व्यवस्थापन समितिले गरेका कार्यको निरीक्षण र पृष्ठपोषण प्रदान गर्न नगरकार्यसमितिले गठन गरेको कार्य समितिलाई बुझाउने छ ।

थ) "तोकिएको वा तोकिदिएको" भन्नाले वेलावेलामा वातावरण जलवायु अनुकुलन र फोहोरमैला व्यवस्थापन सम्बन्धमा नगरपालिकाले निर्णय गरी तोकिएको वा तोकिदिएको विषयलाई जनाउने छ ।

द) "वातावरण संरक्षण एवम् जलवायु अनुकुलन समिति" भन्नाले नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समिति अन्तरगत गठित समितिलाई संझनुपर्दछ ।

ध) "नगरपालिका" भन्नाले कनकाई नगरपालिकालाई बुझाउने छ ।

न) "फोहोरमैला व्यवस्थापन समिति", ले गर्ने संपूर्ण कार्य वातावरण संरक्षण तथा जलवायु अनुकुलन समितिले गरेको मानिनेछ ।

## परिच्छेद-२
## फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. यस कार्यविधिको पालना गर्नु सवैको कर्तव्य हुने :** यस नगरमा स्थायी वा अस्थायी रुपले वसोवास गर्ने, अध्ययन, औषधी उपचार, पर्यटन, धार्मिक गतिविधि, सभा-समारोह, मनोरञ्जन तथा व्यवशायिक रुपले आवात-जावत गर्ने आदि सवैले फोहोरमैला व्यवस्थापन सम्बन्धी देहाय बमोजिमका कार्य अनिवार्य गर्नुपर्नेछ ।

**४. जथाभावी फोहोरमैला फाल्न वा विर्सजन गर्न नपाइने :** उद्योग व्यपार-व्यवशाय, भवन तथा दफा २ संग सम्बन्धित क्षेत्रबाट निस्कने फोहोरलाई सार्वजनिक स्थल, सडक किनारा पेटी, सडक-नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न वा



कनकाई राजपत्र

थुपार्न पाइने छैन । आ-आफ्ना घर-पसलमा कुहिने फोहोरलाई एउटा हरियो डष्टवीन ( टोकरी) मा, नकुहिने प्रकृतिका प्लाष्टिक जन्य फोहोर (पुन प्रयोग हुने) निलो डष्टवीनमा, शिशा जन्य फोहोर लाई पहेंलो डस्टवीनमा तथा अस्पतालबाट दबाई (औषधी) मिश्रित फोहोरलाई रातो डष्टवीनमा राखी नगरपालिकाको सरसफाई कर्मचारी वा साधन आएपछि जिम्मा लगाउनु पर्नेछ ।

५. सरसफाई कर्मीहरुले टोल, सडक सफाई गरी गैसकेपछि कुनै पनि किसिमको फोहोर, घर-पसल बाहिर सार्वजनिक स्थानमा राख्न फ्याक्न र थुपार्न पाइने छैन ।

६. कसैले पनि कुनै पनि वखत कुनै पनि प्रकारका फोहोर सडक वा सार्वजनिक स्थलमा राख्न, फ्याक्न र थुपार्न पाइने छैन ।

७. तोकिएको स्थान वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनै पनि किसिमको व्यवशाय गर्न पाइने छैन ।

८. सडक वा अन्य सार्वजनिक स्थानमा सडे गलेका फलफुल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिज वस्तु फाल्न थुपार्न पाइने छैन ।

९. सेफ्टी टयांकी वा शौचालयबाट निस्कने फोहोर जथाभावी वाहिर वा ढलमा निस्कासन गर्न पाईने छैन ।

१०. अस्पताल, नर्सिङ्गहोम, नीजि क्लिनिक वा डिस्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहोर रातो डष्टविनमा राख्नुपर्नेछ । यस्ता फोहोर सार्वजनिक ठाउँमा फाल्न वा निस्कासन गर्न पाइने छैन । त्यस्ता फोहोरलाई सुरक्षित तवरले अन्तिम निश्कासन गर्ने व्यवस्था सम्बन्धित निकायहरुले आफुले नै गर्नु पर्नेछ । स्वास्थ्य केन्द्रका संक्रामक फोहोरहरु अन्य फोहोरहरुसंग कदापी मिसावट गर्न पाइने छैन ।

११. औधोगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहोरमैला जथाभावी फाल्न, राख्न वा निस्कासन गर्न पाइने छैन उद्योग खोल्दाको बखतको सर्त एवं वातावरण संरक्षण



कनकाई राजपत्र

सम्बन्धी ऐन, नियम, कार्यविधिमा व्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई अन्तिम निस्काशन गर्ने व्यवस्था सम्बन्धित प्रतिष्ठान वा उद्योगले गर्नृपर्दछ ।

१२. उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी-गैरसरकारी संस्था तथा निकाय, विध्यालयहरुले अनिवार्य रुपमा डष्टवीन वा कम्पोष्टबिन राख्नुपर्ने छ ।

१३. नगरपालिकाले संकलन भएको फोहोरलाई व्यवस्थित रुपले तह लगाई नगरको सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले सामान्य र उपर्युक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्बर, फोहोरमैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Land Fill Site) को व्यवस्था गर्नु पर्नेछ।

१४. नगरपालिकाले फोहोरमैलालाई स्रोतमा नै कुहिने र नकुहिने गरी छुटयाउने आदेश दिई बाँकी प्लाष्टिक, शिशाजन्य र अस्पताल जन्य फोहोरलाई सोही अनुरुप संकलन गरी त्यसलाई व्यवस्थित गर्नेछ तथा कुहिने फोहोरलाई स्रोतमा नै कम गर्न “एक कम्पोष्टविनको” नीति लागुगर्न सक्नेछ ।

१५. नगरपालिकाले संकलन भएको फोहोरमैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुटयाइ त्यसको अन्तिम निश्काशनको समुचित व्यवस्था गर्ने छ ।

१६. नगरपालिकाले नीजि र सार्वजनिक फोहोरमैलाको कारणबाट मानव वा पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषणको निबारणका लागि आवश्यक व्यवस्था गर्ने छ ।

१७. नगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी नीजि वा सार्वजनिक क्षेत्रमा हानिकारक फोहोरमैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमको संचय, निस्काशन वा नष्ट गर्न निषेध गर्न सक्नेछ ।

१८. नगरपालिकाको नगरक्षेत्रमा फोहोरमैला व्यवस्थापन वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुरुप जिम्मेवारी दिन सक्नेछ । यस कार्यमा सहयोग गर्नु सवैको कर्तव्य हुनेछ ।

१९. नगरपालिकाले उपलब्ध गराएका सडक प्रयोग र फोहोरमैला व्यवस्थापन तथा ढल निर्माण आदिका लागि नगरपालिकाले सेवा उपयोग गरे वापत लिने सेवा शुल्क तिर्नु सवैको कर्तव्य हुनेछ ।

२०. नगरपालिकाले पुनप्रयोग गर्न सक्ने मालसामान संकलन गर्न, संकलन कर्तालाई प्रोत्साहित गर्न सक्नेछ ।

२१. वातावरण तथा सरसफाइलाई प्रतिकुल पर्ने गरी अनुसूचि-१ बमोजिमका उद्योग, व्यापार, व्यवशाय गर्न रोक लगाउन सकिनेछ ।

२२. सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर गर्ने गरी निर्माण सामाग्री, यातायातका साधन आदि राख्न पाइने छैन ।

२३. नगरपालिकाले लेण्ड फिल साइट नगरपालिकाको अधिनमा व्यवस्थापन गर्न सक्नेछ।

२४. सार्वजनिक स्थानमा चौपाया राख्ने, चराउने, वाँध्ने कार्य गर्न पाइने छैन ।

२५. नगरपालिकाले समुदायमा आधारित फोहोरमैला व्यवस्थापन कार्यलाई प्राथामिकता दिनेछ ।

२६. नदीजन्य पदार्थ तथा प्राकृतिक सम्पदाको उत्खनन तथा वेचविखनको लागि नगरपालिकाले निश्चित मापदण्ड तोक्नेछ ।

२७. पशु वध गर्ने तथा विक्री गर्ने, सुङ्गुरपालन, वङ्गुरपालन, कुखुरापालन र मदिरजन्य वस्तु विक्री वितरण गर्ने स्थान नगरपालिकाले तोक्न सक्नेछ ।

२८. घरेलु मदिराजन्य वस्तुलाई नगरपालिकाले पूर्ण प्रतिवन्ध लगाउन सक्नेछ ।

२९. खाद्य तथा अखाद्य वा औषधिजन्य म्याद गुज्रेका कुनै पनि वस्तु वेचविखन गर्न पाइने छैन ।

३०. धुँवा, धुलो, ध्वनि प्रदुषण गर्ने कुनै संस्था, कलकारखाना, उद्योगलाई पूर्ण रुपमा वन्द गर्न सकिनेछ ।

३१. फोहोरमैला उठाउने कार्य तालिका अनुसार कुहिने/नसड्ने फोहोरलाई पालो तोकी तोकिएको बारमा (दिनमा)
मात्र उठाउने छ । सड्ने र नसड्ने फोहोर अलग-अलग बारमा (दिनमा) उठाउने छ ।

३२. फोहोर उत्पादन गर्ने संस्था/व्यक्ति/फर्म/निकायले दैनिक उत्पादित फोहोर दैनिक/हप्ता/१५ दिन/एक महिना कहिले उठाउने हो त्यसको जानकारी नगरपालिकालाई अनिवार्य दिनु पर्नेछ । उल्लेखित विवरण सहितको स्टीकर सम्बन्धित संस्था/व्यक्ति/फर्म/निकायको घर वा भवनको देखिने भित्तामा राखिनेछ ।

३३. तोकिएको कार्यतालिका अनुरुप समयमा फोहोर नल्याएमा सो फोहोर सार्वजनिक स्थानमा राख्न पाइने छैन । उक्त फोहोर सम्बन्धित व्यक्तिले सुरक्षित राखी अर्को दिनको पालोमा व्यवस्थापन गर्नु पर्नेछ ।

३४. नगरपालिकाले मदिराजन्य वस्तु बिक्री वितरणलाई व्यवस्थापन गर्न लाइसेन्स लागू गर्न सक्नेछ ।

**३५. विशेष सरसफाई क्षेत्र तोक्न सक्ने :**

क) नगरको सौन्दर्यलाई वचाई नगरको इज्जत, प्रतिष्ठा वृद्दिका लागि नगरको मुख्य भाग, सार्वजनिक, ऐतिहासिक, मठ-मन्दिर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाई चार किल्ला तोकी नगरपालिकाले विशेष सरसफाइ क्षेत्र घोषणा गर्न सक्नेछ ।

ख) “एक घर दुईवटा बहुवर्षीय विरुवा' एक टोल एक जातका फलफुलका रुख वा औषधि जन्य वनस्पति” अभियान नगरपालिकाले लागु गर्न सक्नेछ ।

ग) विशेष सरसफाइ क्षेत्र घोषणा भएको महत्व रएवं संवेदनशीलतालाईध्यानमा राखी, न.पा.ले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहोरमैला फाल्न, थुपार्न वा अनुसुची-१ बमोजिमको कुनै कार्य गर्न गराउन निषेध गर्न सक्नेछ ।

घ) कुनै टोल विकास संस्था, वडा समिति वा सामाजिक संघ-संस्थाबाट विशेष सरसफाइ क्षेत्र तोक्न अनुरोध भई आएमा न.पा.ले विशेष सरसफाइ क्षेत्र तोक्न सक्नेछ ।

ङ) फोहोरमैला व्यवस्थापन र सरसफाइका उत्कृष्ठता हासिल गर्ने वडा समिति वा टोल विकास संस्था वा सामाजिक संघ-संस्थालाई न.पा.ले पुरस्कृत वा प्रोत्साहित गर्न सक्नेछ ।

च) न.पा. लेआफ्नो कार्य क्षेत्र भित्र प्लाष्टिक झोला पूर्ण रुपमा प्रतिबन्ध गर्न सक्नेछ ।

**३६. फोहोर उत्पादन गर्ने प्रकृतिका व्यवशाय सञ्चालनः**

क) नगरपालिका क्षेत्रभित्र इजाजत लिएर व्यवशाय संचालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका व्यवशाय जस्तै :- होटल, रेष्टुरेन्ट, मिठाई पसल, माछामासु विक्री पसल आदि सञ्चालन गर्ने व्यक्तिले देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ ।

i. व्यवशाय स्थल स्वच्छ र सफा राख्नु पर्नेछ ।
ii. विक्री गर्ने वस्तु वा खानेकुरालाई राम्रोसँग छोपेर वा जाली भएको दराजमा बन्द गरी राख्नु पर्नेछ । अन्यथा विक्री वितरणमा न.पा.ले बन्देज लगाउन सक्नेछ ।
iii. काम गर्ने व्यक्तिको व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्नेछ, जस्तैः- लुगा सफा हुनुपर्ने, हात खुट्टाको नङ काटेको हुनुपर्नेछ, हात सफाइमा विशेष ध्यान दिनु पर्नेछ ।
iv. खाना पकाउने, विक्री गर्ने, भाँडा कुँडा आदि सफा गर्ने होटल/रेष्टुरेन्ट/क्यान्टीन आदिमा ती स्थान पाँच मिटरको दुरीमा राख्नु पर्नेछ । एकै ठाउँमा राख्न पाइने छैन ।

कनकाई राजपत्र

v. पसलको भूँई, पकाउने ठाउँ सजिलोसँग सफा गर्न हुने र गर्न सकिने तथा पर्याप्त पानीको प्रवन्ध भएको हुनुपर्नेछ ।

vi. पकाउने, खाना ल्याउने (वेटर), प्याक गर्ने, तौलने व्यक्तिलाई एप्रोन लगाउन नगरपालिकाले क्रमशः अनिवार्य गर्न सक्नेछ ।

vii. खाने, पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाँडा कुँडा सफा गरिसकेपछि त्यसलाई पोटास पानीमा पखालेर सफा कपडाले पुछेर मात्र पुनः प्रयोगमा ल्याउनु पर्नेछ ।

viii. खाने ठाउँको टेवल सफा गर्दा एन्टिसेफ्टिक औषधिको प्रयोग गर्नु पर्दछ ।

ix. काम गर्ने व्यक्तिहरुको हरेक ६-६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइने छैन ।

x. वासी, सडेगलेको तथा झिंगा भन्केको खानेकुरा वा स्वास्थ्यका लागि हानिकार भनी प्रमाणित रंङ, रसायन, वा कुनै अखाद्य वस्तु प्रयोग गरिएको खानेकुरा, वासी सडेगलेका झिंगा भन्केका माछा-मासु, रोगका लागि मरेका पशुपंक्षीको मासु वा वासी मासु वेच्न पाइने छैन ।

xi. पानी सफा र पिउनलायक हुनुको साथै पसल अगाडिको नाला वा जमेको पानी नियमित रुपमा सफा गर्नका लागि फिनेल वा किटनासक औषधि छकिर्नु पर्नेछ ।

xii. पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी वनाइएको हुनु पर्नेछ ।

xiii. पसलमा व्यवस्थित शौचालय, पर्याप्त पानी, सफा प्लाष्टर युक्त भूई भएको हुनु पर्नेछ ।

xiv. पसलमा विक्री गरिने वस्तुहरुको मूल्य सूची तथा न.पा.को इजाजत पत्र सवैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नु पर्नेछ ।

xv. पसलहरु विशेष प्रकृति र परिस्थिति वाहेक विहान ४ बजे देखि वेलुकी ९ बजे सम्म मात्र खुल्ला राख्न पाइने छ ।

कनकाई नगरपालिका

xvi. पसलबाट निस्किएको फोहोरलाई व्यवस्थित गर्न डष्टवीन, कन्टेनरको व्यवस्था गर्नु पर्नेछ । जथाभावी फोहोर फाल्न पाइने छैन ।

xvii. कुहिने फोहोरलाई कम्पोस्ट वीनमा राखी कम्पोष्टीङ्ग गर्ने व्यवस्था क्रमशः लागु गरिनेछ । कम्पोष्टिङ्ग व्यवशायी आफैँले गर्नु पर्नेछ ।

xviii. होटल, पसल अगाडि वा सडक किनारामा चुलो बाल्न, सेकुवा आदि पोल्न र सडक तर्फ लाछी गाँस्न पाइने छैन ।

xix. फोहोर स्रोतमै विभाजन गरी कुहिने/नकुहिने र पुनः प्रयोग हुने गरी तीन भागमा विभाजन गर्ने तथा औषधि जन्य वस्तु विक्री गर्नेका हकमा चार भागमा विभाजन गर्नु पर्नेछ ।

xx. उपभोक्ता संरक्षण ऐन-नियमको उल्लंघन नहुने गरी उद्योग व्यपार व्यवशाय गर्नुपर्नेछ ।

ख) न.पा.ले एकै प्रकारका व्यवशायलाई एउटै क्षेत्रमा संचालन गर्दा फोहोर मैला व्यवस्थापन कार्यमा सरलता आउने हुँदा फोहोर बढी मात्रामा पैदा हुने व्यवशायहरु जस्तैः तरकारी पसल, मासु पसल, कपाल काट्ने शैलुन जस्ता व्यवशायहरु निश्चित क्षेत्रमा मात्र व्यवशाय गर्न पाउने गरी क्षेत्र निर्धारण गर्न सक्ने वा न.पा.को निश्चित क्षेत्रमा कुनै व्यवशाय गर्न निषेध गर्न सक्नेछ । विभिन्न सामान एकै पसलमा विक्री हुने भए एक-अर्कामा मिसावट नहुने गरी व्यवश्थापन गर्नु पर्नेछ ।

ग) पशु बध गर्दा न.पा.ले तोकेको स्थानमा बध गरी सकेपछि त्यसबाट निस्किएको फोहोरमैला न.पा.ले तोकेको स्थानमा लगेर जम्मा वा नष्ट गर्नु पर्नेछ । यो सेवा वापत न.पा.ले सरसफाइ सेवा शुल्क लिन सक्नेछ ।

घ) नगरको मुख्य क्षेत्र वा मन्दिर, सामुदायिक विद्यालय, क्याम्पस, अस्पताल, सरकारी भवन, सार्वजनिक शौचालय आदिको १०० मीटर वरपर माछा-मासु काटमार वा मदिरा जन्य वस्तु वितरण गर्न तत्काल रोक लगाइने छ ।



कनकाई राजपत्र

## परिच्छेद-३

### ३७. सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था :

क) नगरको फोहोर मैला व्यवस्थापनका लागि न.पा.ले सार्वजनिक, नीजि साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्नेछ ।

ख) फोहोरमैला व्यवस्थापन गर्न चाहने कम्पनी संस्था वा निकायहरुले नगरपालिकामा सूचना अनुरुप आशय–पत्र पेश गर्नुपर्नेछ।त्यस्ता कम्पनी वा संस्थाले **अनुसूची-२** बमोजिम आसय पत्रका साथ अनुमतिका लागि निवेदन दिन सक्नेछ । नियमानुसार निवेदन दिने उल्लेखित व्यक्ति वा संस्थालाई विवरण उपर स्थानीय निकायले आवश्यक छानविन गरी **अनुसूची-३** बमोजिम न.पा.ले अनुमती पत्र दिन सक्नेछ । अनुमति प्राप्त त्यस्ता व्यक्ति, संस्थाले **अनुसूची-४** अनुरुप वार्षिक रुपमा न.पा.मा अनुमति पत्र नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र व्याक्तिको हकमा वडाबाट र संस्था वा कम्पनी आदिको हकमा न.पा.वाट दिईने छ।

ग) यसरी सार्वजनिक नीजि साझेदारी अवधारणामा कार्य गर्दा गराउँदा नेपाल राजपत्रमा प्रकाशित फोहोरमैला व्यवस्थापन ऐन २०६८ नियमावली २०७०, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

घ) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुवै पक्षमा रहने गरी व्यवस्थापन गरिनेछ ।

ङ) सार्वजनिक नीजि साझेदारीमा कार्य गर्दा गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका नीजि क्षेत्रलाई साझेदारको रुपमा लिइनेछ ।



कनकाई राजपत्र

च) स्थानिय सामुदायिक संस्था, टोल विकास संस्था, गैरसरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा स्थानीय तथा वाध्य संघ-संस्थाहरुलाई नीजि क्षेत्रको रुपमा लिन सकिनेछ ।

छ) विभिन्न क्षेत्रमा फरक-फरक नीजि क्षेत्र परिचालन भएको अवश्थामा सवैको कार्य प्रति एक रुपता ल्याउनको लागि सवै साझेदारहरुको संलग्नतामा नगरस्तरीय वातावरण तथा विपद व्यवस्थापन समिति तथा वातावरण संरक्षण एवम् जलवायू अनुकुलन समिति मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था न.पा.ले मिलाउन सक्नेछ ।

ज) फोहोरमैला व्यवस्थापन गर्न न.पा.ले फोहोरमैला उत्पादकसँगसरसफाइ सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क न.पा.ले तोकिए बमोजिम हुनेछ ।

झ) विभिन्न प्रयोजनका लागि न.पा.ले नगरवासीलाई परिचय-पत्र उपलब्ध गराउन सक्नेछ । उक्त परिचय-पत्र बहु उपयोग हुने गरी तयारगरिनेछ र यसको प्रयोग न.पा.ले सम्पूर्ण सेवा-सुविधासँग जोड्न सक्नेछ ।परिचय- पत्र **अनुसुची-५** अनुसारको हुनेछ ।

ञ) फोहोर उत्पादक पसलहरु तथा संघ-संस्थाले **अनुसुची-६** बमोजिमको फारम भरी ६-६ महिनामा न.पा.मा पेश गर्नु पर्नेछ । अन्यथा न.पा.ले कारवाहीका प्रकृया अगाडि बढाउन सक्नेछ ।

## परिच्छेद-४

## प्लाष्टिक झोला तथा प्लाष्टिक जन्य वस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था :-

### ३८. प्लाष्टिक झोला प्रयोग गर्न निषेध :-

कनकाई राजपत्र

क) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टिकको झोला, थैलो आदि विक्री वितरण तथा प्रयोगमा रोक लगाइनेछ ।

ख) खाद्य पदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भइ आएका प्लाष्टिक आदि जथाभावी फ्याँक्न, थुपार्न पाइने छैन । त्यस्ता वस्तुहरु न.पा.को सरसफाइ टोलीलाई जिम्मा लगाउनु पर्नेछ ।

ग) कुनै चिज वस्तु प्याकिङ्ग भइ आएका प्लाष्टिक, सूर्तिजन्य चुरोट, खैनी, गुट्खाका प्लाष्टिक विभिन्न खाद्य/अखाद्य वस्तु जस्तो: माछा-मासु आदि किन्दा प्रयोग भएका प्लाष्टिक गुणस्तरीय भएपनि प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई उचित व्यवस्थापन अनिवार्य रुपले गर्नु पर्दछ ।

घ) पुनः प्रयोग गर्न नसकिने प्रकृतिका प्लाष्टिकलाई न.पा.ले पूर्ण रुपमा प्रतिवन्ध लगाउन सक्नेछ ।

ङ) पुनः चक्रण गर्ने वा प्रयोग हुने प्लाष्टिकहरु उपयोग कर्ताले आफैं विक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकमा अन्य वस्तु नमिसाई न.पा.ले तोकिदिए अनुरुपको स्थानमा निजले व्यवस्थापन गर्नु/गराउनु पर्नेछ ।

च) प्लाष्टिक जन्य वस्तुहरु न.पा.ले तोकि दिएको स्थानबाट मात्र पुन चक्रणका लागि संकलन गरिनेछ । यसरी संकलन गर्दा न.पा.ले तोकिदिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिनेछ ।

छ) कुनै पनि प्रकारका प्लाष्टिक जन्य वस्तु अन्य फोहोरसँग नमिसाइ छुट्टै पोका वा तोकिएको डष्टविनमा राखी संकलकलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-५

कनकाई राजपत्र

**३९. वातावरण संरक्षण एवं जलवायु अनुकुलन सम्बन्धमा :**

क) नगरलाई हरियाली हराभरा बनाउनका लागि टोल विकास संस्था वा उपभोक्ता समिति वा सामाजिक संघ-संस्था वा वडावासीहरुले आ-आफ्ना टोल, सडक पेटी वा सार्वजनिक स्थानमा वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ । त्यसको संरक्षणका लागि नगरपालिकाले टोकरी उपलब्ध गराउन सक्नेछ ।

ख) न.पा.ले आफ्नो घर-भवन अगाडि सडक मापदण्ड नमिच्ने गरी घरधनी स्वयमले वृक्षारोपण गरी रुख जातिको वृक्ष ५ फिट भन्दा अग्लो हुने गरी हुर्काएमा प्रति विरुवाका दरले निश्चित रकम पुरस्कार व्यवस्था गर्न सक्नेछ तर सो को वारे न.पा.लाई अग्रिम जानकारी दिनु पर्दछ ।

ग) यस नगरको वातावरणलाई स्वच्छ, सफा र हराभरा राख्न सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार भएका उद्योग व्यवशाय एवं सरकारी-गैरसरकारी संघ-संस्था समितिहरुको प्रतिनिधित्व रहने गरी नगर वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजकको संयोजकत्वमा वातावरण संरक्षण एवं जलवायु अनुकुलन समिति गठन गर्न सक्नेछ । सो समितिले वातावरण संरक्षण विषयमा न.पा.लाई आवश्यक राय, सल्लाह सुझाव दिनेछ । यस समितिले टोल-टोलमा टोल विकास संस्था मार्फत आफ्ना उद्देश्य अनुरुपका कार्यक्रम अगाडि बढाउन सक्नेछ ।

घ) न.पा.ले भवन निर्माण इजाजत-पत्र दिंदा घरको परिसर भित्र कम्तीमा दुई वटा रुख जातिका विरुवा रोप्न अनिवार्य गर्न सक्नेछ ।

ङ) सार्वजनिक स्थल र सडक किनारामा वृक्षारोपण गर्दा न.पा.को पूर्व स्वीकृति लिनु पर्नेछ ।

च) जलवायु परिर्वतनबाट पर्ने प्रतिकुल असरलाई न्यूनीकरण गर्न न.पा. आफैंले विभिन्न साझेदारहरुसँग मिली वातावरण अनुकुलनका कार्यक्रमहरु संचालन गर्नेछ ।

छ) कुनै पनि पूर्वधार विकास गर्दा वृक्षारोपण गर्ने विषयलाई आयोजना/परियोजनाको अभिन्न आँगको रुपमा स्थापित गरिनेछ ।

**ज) नगरस्तरीय वातावरण संरक्षण तथा जलवायु अनुकुलन समितिको गठन**

i. नगरका वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक-संयोजक
ii. नगरका वातावरण तथा विपद् व्यवस्थापन समितिका सहसंयोजक-सहसंयोजक
iii. वातावरण क्षेत्र हेर्ने इन्जिनियर- सदस्य
iv. वडाध्यक्ष/महिला वडाध्यक्ष (नभए सदस्य मध्येबाट कम्तिमा एक जना महिला सहित)-दुई जना सदस्य
v. सामाजिक विकास शाखा प्रमुख- सदस्य
vi. उद्योग वाणिज्य संघ, वजार व्यवस्थापन समिति, स्थानीय संघ-संस्थाका प्रतिनिधि (आवश्यकता अनुरुप- सदस्य )
vii. वातावरण शाखा प्रमुख- सदस्य सचिव

उल्लेखित समितिमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ । वैठकमा नगर प्रमुख/उपप्रमुखलाई संरक्षकको रुपमा तथा प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रित व्यक्तिको रुपमा आमन्त्रण गरिनेछ ।

झ) नगरपालिकाले वातावरणको दीगो व्यवस्थापन र जलवायु अनुकुलनका लागि एक कोषको निर्माण गर्नेछ । जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछन ।

i. प्रत्येक तोकिए बमोजिमका आयोजनाहरुको पूर्वाधार तर्फको रु. २,००,००० ।- वा सो भन्दा माथिका योजना बाट कट्टा गरी जम्मा गरिने १% दरले हुने रकम,
ii. केन्द्र र प्रदेश सरकारबाट यस कोषलाई प्राप्त रकम,

कनकाई राजपत्र

iii. जिल्ला समन्वय समितिले वातावरणसँग सम्बन्धित कार्यक्रमका लागि उपलब्ध गराउने अनुदान,

iv. विषयगत कार्यालयहरु तथा व्यक्ति, संघ-संस्थाबाट प्राप्त रकम/अनुदान,

v. विकास साझेदारबाट प्राप्त हुने अनुदान,

vi. न.पा.ले वातावरण व्यवस्थापनका लागि दिएको रकम,

vii. दण्ड जरिवानाबाट प्राप्त रकम ।

**ञ) कोषको रकम देहाय बमोजिम खर्च हुनेछ :**

i. फोहोरमैला व्यवस्थापन, जलवायु र वातावरण अनुकुलन सम्बन्धी योजना र कार्यक्रमहरुमा ।

ii. पोखरी, ताल-तलैया, सीमसारसंग सम्बन्धित कार्यक्रमहरुमा ।

iii. प्राकृतिक प्रणालीको संरक्षण र व्यवस्थापनमा ।

iv. जैविकमल उत्पादन एवं अर्गानिक खेती प्रणालीको प्रवर्द्धनमा ।

v. खुल्ला दिशा मुक्त क्षेत्र प्रवर्द्धन र वृहद सरसफाई कार्यक्रमहरुमा ।

vi. वातावरण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित सचेतीकरण कार्यक्रमहरुमा ।

vii. दीगो विकास, वातावरण सन्तुलन, जलवायु अनुकुलनका लागि प्राशंगिक देखिएका अन्य कार्यक्रमहरुमा ।

viii. बढीमा रु. ५०००।- सम्मको खर्च संयोजकले पछि वैठकबाट अनुमोदन हुने गरी खर्च गर्न सक्नेछ । त्यस भन्दा बढीको खर्च रकम वैठकको निर्णय अनुसार गरिनेछ ।

ix. दण्ड जरिवाना वापतको रकम मध्ये रु. ५००।- सम्मको दण्ड जरिवानाको रकम न.पा.बाट आधिकारिकता पाएको टोल विकास संस्थाले खातामा जम्मा गरी आफ्ना कार्यक्रममा खर्च गर्न सक्नेछ । रु. ५००।- भन्दा माथिको दण्ड जरिवाना वापतको रकम न.पा.को कोषको खातामा जम्मा गरिनेछ । जसको एउटा छुट्टै अभिलेख राखिनेछ ।

x. यस कार्यविधि अनुरुप गठित सवै समितिले खर्च गर्दा नगरसभाले तय गरेको क्षेत्र र प्राथमिकताका आधारमा खर्च गर्नेछन् ।

कनकाई राजपत्र

xi. प्रोत्साहन तथा पुरस्कार व्यवस्थापनमा समेत (यसै विषय क्षेत्र सम्बन्धित रही) यस कोषको रकम खर्च गरिनेछ ।

ट) खाता सञ्चालन सम्बन्धी व्यवस्था :-

यस कार्यविधि अनुरुपका समितिका खाता तथा कोषको रकम “क” वर्गका वैंकहरुमा वा वाणिज्य वैंकहरुमा खोलिनेछ । कोषको खाता नेपाल सरकारको प्रचलित कानुन अनुसार सञ्चालन हुनेछ ।

## परिच्छेद-७

### ४१. अनुगमन/निरीक्षण सम्बन्धी व्यवस्था :-

यस कार्यविधि अनुरुप गठित विभिन्न समितिहरुले गरेका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्न एक अनुगमन तथा निरीक्षण समिति गठन गरिनेछ । उक्त समितिले अनुगमन/निरीक्षणका साथै यस कार्यविधि अनुरुप गठित समितिहरुलाई आफ्नो राय, सुझाव एवं आवश्यक निर्देशन समेत दिन सक्नेछ । यस समितिलाई वातावरण, जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन अनुगमन निरीक्षण समिति भनिनेछ । यस समितिको गठन देहाय बमोजिम हुनेछ :-

i. नगर प्रमुख- संयोजक
ii. नगर उपप्रमुख- सदस्य
iii. नगर प्रहरी प्रमुख- सदस्य
iv. नगरमा कार्यरत जनपथ प्रहरी प्रमुख- सदस्य
v. प्रमुख कार्यकारी अधिकृत- सदस्य सचिव
vi. यस समितिले नगर कार्य समितिबाट एक महिला सहित यस कार्यविधि अनुरुपका विभिन्न समितिमा नरहेका दुई जना व्यक्तिलाई सदस्यको रुपमा मनोनयन गर्नेछ । यस समितिले सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-८

कनकाई नगरपत्र

## विविध व्यवस्थापन

### ४२. सामुदायिक तथा बहुला कुकुर नियन्त्रण :-

क) नगरवासीले पालेका कुकुरलाई नगरपालिकाले तोकिदिए बमोजिमको पेटीले अनिवार्य रुपले बाँध्नु पर्दछ ।

ख) नगरपालिकाले पेटी नबाँधिएका कुकुरलाई अन्य सामुदायिक कुकुर सरह वन्ध्याकरण गर्न तथा अन्य नियन्त्रणका उपायहरु गर्न सक्नेछ ।

ग) घर पालुवा कुकुरलाई दिइने रेविज विरुद्धका खोप तथा अन्य खोपहरु तथा ती कुकुरबाट सिर्जित फोहोरको व्यवस्थापन घरधनी स्वयमले गर्नु पर्दछ । त्यस्ता फोहोर न.पा.ले तोकेको ठाउँमा वा आफैं व्यवस्थापन गर्नुपर्छ । सार्वजनिक ठाउँ खुल्ला ठाउँ वा सडकमा फाल्न पाइने छैन ।

### ४३. पशुपंक्षी नियन्त्रण :-

क) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात र पैदल यात्रीलाई कठिनाइ पुऱ्याउने, नगर क्षेत्रको स्वच्छता र सौन्दर्यतामा खलल पुऱ्याउने तरिकाबाट छोडिएका सुँगुर, वङ्गुर, घोडा, खच्चर, गधा, गाई, भैंसी, बाखा, कुखुरा आदि जस्ता घरपालुवा चौपाया र पंक्षीहरुलाई छाडा छोड्न पाइने छैन ।

ख) नगरपालिकाको सौन्दर्य र जनस्वास्थ्यलाई ध्यानमा राखी न.पा. क्षेत्र भित्र कुनै खास स्थान र क्षेत्रमा विशेष पशुपंक्षी पाल्न न.पा.ले रोक लगाउन सक्नेछ।

ग) नगरपालिकाले आफ्नो क्षेत्र भित्र छाडा छोडिएका पंक्षी तथा चौपायालाई पक्राउ गरी काञ्जी हाउसमा राख्ने व्यवस्था गर्नेछ ।

घ) काञ्जी हाउसमा राखिएका चौपाया धनीले सात दिन भित्र तोकेको जरिवाना तिरी आफ्नो वस्तु लैजान सक्नेछ । सात दिन पश्चात सार्वजनिक सूचना गरी डाक बडावडमा त्यस्ता चौपाया लिलाम विक्री गरिनेछ ।



कनकाई राजपत्र

ङ) काञ्जी हाउस टोल विकास संस्था वा संघ-संस्था वा व्यक्तिले न.पा.को स्वीकृतिमा सञ्चालन गर्न सक्नेछन् ।

च) काञ्जी हाउसको महसुल दर न.पा.ले तोके बमोजिम हुनेछ ।

छ) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई बाँकी संपूर्ण रकम (टोल विकास संस्थालाई तोकेको रु. ५०० सम्मको वाहेक) कोषमा आम्दानी बाँधिनेछ ।

ज) लिलाम विक्री गर्दा न.पा. र सुरक्षा निकायलाई जानकारी दिनु पर्नेछ ।

झ) लिलाम विक्रीका संपूर्ण प्रकृया पूरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा न.पा.ले प्रचालित कानुनले निषेध गरेका वाहेकलाई जुनसुकै प्रकृया अवलम्वन गरी व्यवस्थापन गर्न सक्नेछ ।

ञ) नगर क्षेत्र भित्र छाडा छोडिएका पशुपंक्षी समातेर ल्याउने कर्मचारी, व्यक्ति, संघ-संस्थालाई न.पा.ले प्रोत्साहन वा पुरस्कार प्रदान गर्न सक्नेछ ।

ट) वस्ती नभएको खुल्ला ठाँउमा न.पा.ले दिएको सिफारिस अनुरुप मात्र हाँस, कुखुरा, वंगुर, सुंगुर पालन गर्न सकिनेछ ।

ठ) वातावरण प्रदुषित भयो भनी टोल विकास संस्था वा स्थानीयले सिफारिस वा निवेदन गरेमा न.पा.ले तत्काल उचित कारवाही गर्नेछ । पटक-पटक सचेत गराउँदा अटेर गरेमा सो कार्य बन्देज गर्न र त्यस्ता पशुपंक्षी नियन्त्रण गर्न सक्नेछ ।

**४४. लास जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने :-**

क) नगरपालिकाले नगर र नगरवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह वा शव गाड्ने स्थल तोक्न



कनकाई नगरपालिका

सक्नेछ । वेवारिसे लास पोष्टमाटम खर्च वापत न.पा.ले रु. ३०००।- देखि ३५००।— मात्र उपलब्ध गराउनेछ।

ख) न.पा.ले तोकेको वाहेक अन्य क्षेत्रमा शवहरु गाड्न र दाहसंस्कार गर्न पाइने छैन ।

ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पूरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने र गन्ध वाहिर नआउने गरी गाड्नु पर्दछ ।

घ) न.पा.ले सार्वजनिक स्वास्थ्यलाई ध्यान दिइ मरेका पशुपंक्षी गाड्न निश्चित स्थल तोक्न सक्नेछ, अन्यत्र गाड्न पाइने छैन ।

ङ) न.पा.ले तोकेको स्थानमा शवहरु दाहसंस्कार गर्दा, पशुपंक्षी गाड्दा,आवश्यक सेवा शुल्क निर्धारण गर्न सक्नेछ । त्यस्तो सेवा प्रापकले तोकिएको सेवा शुल्क तिर्नुपर्नेछ ।

**४५. तुल, साइनवोर्ड, आदि सम्बन्धी व्यवस्था :-**

क) कसैले पनि नगरपालिकाको स्वीकृति वेगर न.पा. क्षेत्र भित्रको सार्वजनिक वा पर्ती जमिन वा खम्वा, विजुलीको पोल, पर्खाल, टेलिफोनको पोल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छतमाथि आफ्नो उद्योग व्यवशाय, व्यपारको विज्ञापन वा प्रचार-प्रसार हुने गरी तुल, साइनवोर्ड, होर्डिङ्ग वोर्ड वा अन्य कुनै प्रचार सामग्री खडा गर्न वा जडान गर्न हुँदैन ।

ख) सामाजिक सद्भाव अभिवृद्धि गर्न वा सार्वजनिक स्वास्थ्य वा उपयोगिताको दृष्टिबाट कुनै तुल, साइनवोर्ड वा अन्य कुनै प्रचार सामग्री हटाउन उपर्युक्त छ भन्ने लागेमा त्यस्तो गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र सो आदेशको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

कनकाई नगरपालिका

ग) यसै दफाको खण्ड “क” र “ख” बमोजिम कार्य नभएमा न.पा.ले त्यस्ता प्रचार सामग्री हटाई तोकिएको जरिवाना लगाउन सक्नेछ ।

घ) यसै दफाको खण्ड “क” बमोजिमका स्थानमा आफ्नो उद्योग, व्यवशाय वा व्यपारको विज्ञापन वा प्रचार-प्रसार हुने गरी साइनवोर्ड, तुल, होर्डिङ्ग वोर्ड जस्ता प्रचार सामग्री खडा गर्न वा जडान गर्न तोकिएको शुल्क बुझाएमा म्याद तोकी न.पा.ले इजाजत दिन सक्नेछ । यस्तो शुल्क नगरको वार्षिक नीति, कार्यक्रम बजेटमा पारित भए बमोजिम हुनेछ । तर यहाँ जे लेखिए पनि नगरको सुन्दरता र सुरक्षामा आँच आउने गरी त्यस्तो इजाजत दिइने छैन ।

ङ) सार्वजनिक स्वास्थ्यमा हानी पुऱ्याउने खालका धुम्रपान, मध्यपान, सूर्ति-जन्य वस्तुको विज्ञापन वा प्रचार-प्रसारमा तुल, पर्चा, होर्डिङ्ग बोर्ड, साइनबोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्नमा न.पा.ले प्रतिबन्ध लगाउने छ ।

च) सार्वजनिक स्थल, बाटो, पाटी-पौवा, धार्मिक स्थल, अतिक्रमण हुने गरी कुनै किसिमका प्रचार सामग्री राख्न पाइने छैन ।

**४६. खोलानालामा विषादी, विद्युतीय धराप प्रयोग सम्बन्धमा :-**

क) नगरपालिका क्षेत्र भित्र रहेका खोलानाला, पोखरी, ताल, दह आदिमा विषादी वा विद्युतीय धराप प्रयोग गरी पानी जन्य जीव (माछा) मार्न पूर्ण निषेध वा बन्देज गरिनेछ ।

**४७. उपभोक्ता हित संरक्षण समिति सम्बन्धमा :-**

क) उपभोक्ताको हक, हित, संरक्षण गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा सम्वद्ध सरकारी, गैरसरकारी निकायका प्रतिनिधि, प्रहरी प्रशासनका प्रतिनिधि, उपभोक्ता हित संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, स्वास्थ्य निकायका प्रतिनिधि, नेपाल गुणस्तर नापतौलका प्रतिनिधि आदि समेत भएको उपभोक्ता हित संरक्षण समिति नगरपालिकाले गठन गर्न सक्नेछ ।

कनकाई राजपत्र

ख) यसै दफाको खण्ड “क” मा उल्लेखित समितिले उपभोक्ताहरुलाई चेतनशील, जागरुक बनाउन विविध उपायका कार्यक्रमहरु अगाडि सार्नेछ ।

ग) यस समितिले बजार अनुगमन गर्नका साथै सेवाग्राहीका पिर मार्का बारे वर वुभ्कारथ गर्दै सेवा प्रदापक मार्फत गुणस्तरीय सेवा वा वस्तु वितरण भएको छ-छैन अनुगमन गरी सम्बन्धित निकायमा दण्ड जरिवानाका लागि सिफारिस गर्नका साथै न.पा.बाट त्यस्ता पसल वा उत्पादकलाई चेतावनी दिने र व्यवशाय दर्ता प्रमाण-पत्र खारेज गर्न समेत सक्नेछ ।

घ) यस समितिले अनुगमनका क्रममा उपभोक्ता माथि तत्काल असर गर्ने गरी कुनै वस्तु वा सेवा विक्री वितरण भै रहेको पाएमा उक्त पसल वा सेवा प्रदायकको विक्री वितरण गर्ने वस्तु र उत्पादन कारखाना तत्काल शिलबन्दी गरी अन्य काम-कारवाही अगाडि बढाउन सक्नेछ ।

**४८. अटेरी व्यक्ति वा संस्थालाई कालो सूचिमा नाम दर्ता :-**

न.पा.ले न.पा. क्षेत्र भित्र जथाभावी फोहोरमैला गर्ने वा यस कार्यविधिको उल्लघन गर्ने व्यक्ति, संघ-संस्था, फर्म, कम्पनी, पसल आदिलाई सो नगर्नका लागि सूचना जारी गर्न सक्नेछ । सूचना प्राप्त गरिसकेपछि पनि सम्पर्क नगर्ने वा निर्देशन वा सूचनाको उल्लघन गर्ने व्यक्ति, संघ-संस्था वा निकायको नाम नगरपालिकाले अटेरी व्यक्ति अंकित गरी कालो सूचिमा दर्ता गर्नेछ । अटेरी व्यक्ति, संघ-संस्था वा निकायले तोकिएको कार्य नगरेसम्मका लागि वडा समिति तथा नगरपालिकाबाट कुनै किसिमको सिफारिस वा सुविधा प्रदान गरिने छैन । साथै, मानव स्वास्थ्य र गम्भिर हानी देखिने कार्य पटक-पटक गर्ने त्यस्ता व्यक्ति, संघ-संस्था वा निकायलाई सम्बन्धित निकायमा कारवाहीको सिफारिस समेते अगाडि बढाउन सक्नेछ ।

**४९) कार्यविधि पूर्ण रुपमा वा लागु हुने सम्बन्धमा :-**

क) यो कार्यविधि नगरकार्यपालिकाको बैठकवाट पास भएपछि लागु भएको मानिनेछ । तर उपभोक्ता वा सेवा ग्राही वा सेवा प्रदायक दुवैलाई सूचित गर्ने

कर्तब्य पनि निर्वाह गर्नु मनासिव हुने कारणले यो कार्यविधि लागु भएको तीन महिना सम्म प्रचारात्मक एवं जानकारी मूलक कार्यशाला, गोष्ठी, अन्तरक्रिया र भेला गरी नगरवासीलाई सचेतीकरण गर्ने साथै तपसिल अनुरुपका जानकारी मूलक सामाग्री छापा तथा विधुतीय सञ्चारमाध्यमबाट प्रचार-प्रसार गरी/गराई आम नगरवासीलाई ध्यानाकर्षण एवं सचेत गराइनेछ । यसर्थ यो कार्यविधि तीन महिना पश्चात पूर्ण कार्यान्वयनमा आउने र कार्यविधि अनुरुप दण्ड-पुरस्कारको व्यवस्था नगरपालिकाले गर्नेछ ।

## तपसिल

i. फोहोरलाई घर तथा पसलमा नै छुटयाएर राख्ने गरौं ।

ii. फोहोरलाई तोकिएको दिन र तोकिएको फोहोर मात्र संकलन गर्ने साधनमा राख्ने वा दिने गरौं ।

iii. कुहिने फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाई प्रयोग गर्ने गरौं ।

iv. नकुहिने तथा पुन प्रयोग हुने (विक्रि गर्न योग्य) फोहोरलाई घर पसलबाट नै विक्रि गरौं ।

v. फोहोरलाई वर्गीकरण गर्ने, छुटयाएर राख्ने, घर पसलमा नै न्यूनीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादक कै हो भन्ने दायित्व वोध गरौं ।

vi. सडक अवरोध हुने गरी निर्माण सामग्री तथा विक्री सामग्री नराखौं ।

vii. फोहोरमैला व्यवस्थापन ऐन २०६८ लाई पूर्ण रुपमा पालन गरौं ।

viii. फोहोरलाई जथाभावी चोक, गल्ली, सडक, सार्वजनिक स्थानमा फालेको पाइएमा रु पाँचसय देखि एक लाख सम्म जरिवाना र प्रतिबन्ध सम्म गर्ने प्रावधान रहेको साथै जसले फोहो्र फाल्छ उसैलाई उठाउन लगाइने र न.पा.बाट प्रदान गरिने सेवा-सुविधाबाट वञ्चित गर्न सकिने भएकाले जरिवानाबाट बचौं र नगर सफा राख्ने कार्यमा सहभागी बनौं ।

ix. सडक, पेटी, सार्वजनिक स्थान मिचेर व्यपार व्यवशाय नगरौं ।

x. सडक चोक, गल्ली, सार्वजनिक स्थलमा फोहोर नफालौं ।

कनकाई राजपत्र

xi. प्लाष्टिक झोला प्रयोग निषेधित नगरपालिका घोषणा भैसकेकाले झोला प्रयोग कर्तालाई दण्ड जरिवाना गरिनुका साथै सञ्चार माध्यमबाट निजको नाम प्रचार-प्रसार गरिने हुँदा आफ्नो सामाजिक प्रतिष्ठा कायम गरौं । त्यस्तै पटक-पटक निषेधित क्षेत्रमा फोहोर फालेमा सोही कारवाही हुने हुँदा आफ्नो सामाजिक प्रतिष्ठा बचाऊँ ।

xii. "सभ्य सुन्दर र रमणीय कनकाई नगरका" लागि आ-आफ्ना ठाउँबाट सक्दो योगदान गरौं ।

xiii. कनकाई न.पा. "खुल्ला दिशा मुक्त नगर" घोषणा भैसकेकाले यसको अवज्ञा भएमा कडा कारवाही हुने हुँदा जथाभावी दिशा पिशाब नगरौं ।

xiv. "सफा शहर र गाँउ हाम्रो रहर, गुनासो र सुझावका लागि दिनुहोस खवर................................"।

xv. सभ्य वनौं सभ्यताको परिचय दिऔं आदि ।

**५०. दण्ड सजाय :-**

क) ऐन तथा नियमावली बमोजिम तोकिएका काम कुराहरु उल्लंघन गर्ने व्यक्ति, संघ-संस्था वा निकायलाई सोही ऐन र नियमावलीमा तोकिए बमोजिम दण्ड जरिवाना हुनेछ । यस कार्यविधिमा उल्लेख भएका काम कुराहरुको उल्लंघन गर्ने व्यक्ति, व्यवशाय, फर्म, संघ-संस्थालाई नगरप्रहरी वासम्बन्धित टोल विकास संस्थाको आग्रहमा वडा समितिको सिफारिस भई आएमा यस शाखाबाट प्रतिवेदन तयार गरी यस कार्यविधि एवं फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड जरिवाना गरिनेछ ।

ख) यसै दफाको खण्ड "क" बमोजिमको जरिवाना रकम असुल उपर गर्नका लागि यसै कार्यविधिको दफा नं. ५१ अनुसार अटेरी व्यक्तिको सूचिमा लगत राखी नगरपालिकाबाट प्रदान गरिने सेवा-सुविधा रोक्का गरिनेछ । साथै,

कनकाई राजपत्र

सरकारी बाँकी सरह असुल उपर गर्नका लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही अघि बढाइनेछ ।

ग) यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र अन्य कुराहरुको हकमा फोहोरमैला व्यवस्थापन ऐन २०६८, नियमावली २०७० बमोजिम भए नभएको निरीक्षणका लागि यसै कार्यविधिको दफा ४१ अनुसारको अनुगमन निरीक्षण समितिका साथै कर्मचारी, नगर प्रहरी आदि निरीक्षण गर्न आएको वखत घरमालिक वा मेनेजर वा सम्बन्धित व्यक्तिले आवश्यक सहयोग गर्नुपर्नेछ ।

घ) यस कार्यविधिले उल्लेख गरेका कुराहरु पालन नगर्ने व्यक्ति, संस्था वा निकायलाई तपसिल अनुरुप दण्ड सजाय गरिनेछ :-

**तपसिल**

i. सार्वजनिक ठाँउमा फोहोर फ्याँक्नेलाई रु.१००० देखि रु. ५००० सम्म ।

ii. सार्वजनिक ठाँउमा चौपाया वाध्ने तथा छोड्नेलाई प्रथम पटक रु.५०० ।- दोस्रो पटक रु. १०००।- र क्षति/विगो वरावरको रकम र तेस्रो पटक पनि छाडा छोडेमा नियन्त्रणमा लिई काञ्जी हाउसमा राखी लिलाम बिक्रीको प्रकृयामा लगिनेछ ।

ङ) तोकेको डष्टवीन वा कम्पोष्ट वीनको प्रयोग नगर्ने तथा औषधि जन्य वस्तु तोकिएको डष्टवीनमा नराख्ने वा सिरिञ्ज/सिसालाई इलेक्ट्रिक मेसिनबाट जलाई व्यवस्थापन नगर्ने व्यक्ति वा संस्थालाई रु. १,०००।- देखि रु. १०,०००।- सम्मको जरिवाना गरिनेछ ।

च) पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक रु. २००।- दोस्रो पटक रु. ५००।- र तेस्रो पटक रु. १०००।- जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य दण्ड-सजायलाई अगाडि बढाइनेछ ।

कनकाई राजपत्र

छ) वंगुर, सुंगुर, हाँस-कुकुरा पालन गर्दा न.पा.को स्वीकृति लिएर मात्र पाल्नु पर्नेछ । उल्लेखित बस्तुहरुले असर गरेको भन्ने समुदायले उजुरी गरेको अवस्थामा रु. १,०००।- देखि रु. १०,०००।- सम्म जरिवानाका साथ सो व्यवसायमा रोक लागाउन सकिने छ। तीन पटक भन्दा बढी उल्लंघन गरे ती पशुपंक्षी लिलाम प्रकृयामा लगिनेछ । त्यस्तै जथाभावी तुल व्यानर टाँगी प्रचार-प्रसार गरेमा रु. १,०००।- देखि रु. १०,०००।- सम्म जरिवाना तथा ती तुल व्यानर हटाउँदा लागेको खर्च जोडी न.पा.ले थप जरिवाना तोक्नेछ । सम्बन्धित त्यस्ता सामाग्री न.पा.ले जफत गरी आवश्यक व्यवस्थापन गर्नेछ । त्यस्ता सामाग्री जफत वापत कसैको उजुर वाजुर लाग्ने छैन ।

ज) घरेलु मदिरा र विना दर्ता अन्य मदिरा वेचविखन गरेमा रु. १,०००।- देखि रु. १०,०००।- सम्म जरिवाना गरिनेछ । तेस्रो पटक सम्म जरिवाना गर्दा पनि अटेर गरे उक्त व्यक्ति वा पसल वा फर्मको नाम सार्वजनिक गरी न.पा.बाट दिइने सम्पूर्ण सेवा-सुविधाबाट वन्चित गर्न सकिनेछ ।

झ) सार्वजनिक ठाँउमा मद्यपान/धुम्रपान गर्न पूर्ण निषेध गरिएको छ । सूर्तिजन्य वस्तु सार्वजनिक ठाँउमा प्रयोग गरे प्रथम पटक रु. ५००।- दोस्रो पटक रु. १,०००।- तेस्रो पटक रु २,०००।- र त्यसपछि नाम सार्वजनिक गरिनेछ । होटल, रेष्टुरेन्ट आदिमा धुम्रपानको लागि छुटै क्षेत्र वा ठाँउ तोकिदिनु पर्नेछ । तोकिएको ठाउँ वाहेका अन्य ठाँउमा धुम्रपान गर्न पाइने छैन ।

ञ) नगरपालिका क्षेत्र, स्वास्थ्य केन्द्र क्षेत्र, धार्मिक क्षेत्रको १०० मीटर वरिपरि मदिराजन्य र सुर्तिजन्य पदार्थ खैनी, गुट्खा, चुरोट वेच्न प्रतिवन्ध लगाउनु साथै अटेर गर्नेलाई रु. १,०००।- देखि रु. ५,०००।- सम्म दण्ड जरिवाना गरिनेछ । पटक-पटक दोहोर्‍याए वा नटेरे नाम सार्वजनिक गरी अन्य कारवाही अगाडि बढाइनेछ ।

कनकाई नगरपत्र

ट) सार्वजनिक तथा खुल्ला ठाउँमा दिशा गर्नेलाई प्रथम पटक रु. ५००।- दण्ड जरिवाना र दोहोरिदा प्रत्येक पल्ट रु.१,०००।- तथा अटेरी गरेको पाइएमा नाम सार्वजनिक गर्न सकिनेछ ।

**५१. फोहोर उठाउने शुल्क सम्बन्धमा :-**

दैनिक फोहोर उठाउन पर्ने व्यक्ति वा संस्थालाई रु. १००।- मासिक, हप्तामा उठाउनु पर्नेमा रु. ७५।- र १५ दिनमा उठाउनु पर्नेमा रु. ५०।- मासिक शुल्क लिइनेछ । ठूला उद्योग व्यपार र बढी फोहोर उत्सर्जन गर्ने फर्म कम्पनीबाट अतिरिक्त शुल्क तोक्न सकिने तथा यस दररेटमा न.पा.ले समयानुकुल रकम परिवर्तन गर्न सक्नेछ ।

**५२. अटेरी व्यक्ति, संस्थाको कालो सूचिमा नाम दर्ता :-**

क) न.पा. क्षेत्र भित्र जथाभावी फोहोर गर्ने वा यस कार्यविधिको उलंघन गर्ने व्यक्ति, संघ-संस्थालाई सो नगर्न न.पा.ले सूचना गर्नेछ । सुचना प्राप्त गरिसकेपछि पनि सम्पर्क नगर्ने तथा निर्देशन र सूचनाको उल्लंघन गर्ने व्यक्ति, संघ-संस्थाको नाम कालो सूचिमा दर्ता गर्नेछ । अटेरी व्यक्ति वा संघ-संस्थाले तोकिएको कार्य नगरेसम्मको लागि न.पा. बाट कुनै किसिमको सिफारिस वा सेवा सुविधा प्रदान गरिने छैन ।

**५३. बचाउ :-**

क) यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम लागु हुनेछ ।

ख) फोहोर मैला व्यवस्थापन ऐन २०६८ र नियमाली २०७० मा उल्लेख भएजति सोही बमोजिम लागुहुने छ ।

ग) माथि यसै दफाको “क” र “ख” मा उल्लेख भए बमोजिम वाहेक अन्यको हकमा प्रचलित नेपाल कानुन वा प्रादेशिक कानुन अनुसार हुनेछ ।

घ) यस कार्यविधिमा उल्लेख भएका समितिहरु नगर सभा (परिषद), प्रति जवाफदेही हुनेछन । यस कार्यविधिमा उल्लेख भएका विभिन्न निकायहरुको संरचना तपसिल अनुरुप हुनेछ । नगरसभा (परिषद), कार्य समिति, अनुगमन निरीक्षण समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, वातावरण तथा

जलवायु अनुकुलन समिति, वडा समिति, शाखा समितिहरु, वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा, नगर प्रहरी, टोल विकास संस्था, उपभोक्ता हितसँग सम्बन्धित संस्थाहरु आदि रहने छन् ।

ङ) यस कार्यविधिमा बाभिएका कुराहरुको हकमा नेपाल सरकारको ऐन, नियम कानुन अनुसार हुनेछ ।

कनकाइराजपत्र

## अनुसूचि-१
## (परिच्छेद-२ को दफा २१ सँग सम्बन्धित)

**नगरपलिकाले निश्चित क्षेत्रमा संचालन गर्न निषेध गर्न सक्ने कार्य वा व्यवशायहरु :-**

१. सुंगुर, वुंगुर, हाँस-कुखुरा पालन आदि व्यवशायहरु ।

२. इटाभट्टा, सेलरमिल, काठमिल, कोइला जम्मा गर्ने व्यवशायहरु ।

३. माछा-मासु पसलहरु ।

४. चर्को आवाज वा ध्वनि तथा बढी मात्रामा धुलो निस्कने व्यवशायहरु ।

५. ग्रील पत्ति काट्ने, सडकको वरपर खुल्ला रुपमा फलामको वेल्डिङ्ग गर्ने कार्य वा व्यवशायहरु ।

६. मुख्य र घना सडक तथा बजारमा मेकानिकल वर्कसप, टायर-मर्मत आदि कार्य वा व्यवशायशहरु ।

७. प्लाष्टिक झोला, सूर्तिजन्य वस्तु, घरेलु तथा अन्य मदिरा जन्य पसल, प्लाष्टिक व्यपार (मापदण्ड वाहेक), गुट्खा जन्य पदार्थ विक्री गर्ने व्यवशायहरु।

कनकाई राजपत्र

## अनुसूचि-२
**(दफा-३७, “क” संग सम्बन्धित)**

श्री नगर प्रमुखज्यू,
कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
जामुनबारी,झापा ।

**विषय :- फोहोर व्यवस्थापन सम्बन्धमा ।**

महोदय,

कनकाई न.पा. वडा नं ............. टोल ..................... घर न ...................... स्थायी/अस्थायी ठेगाना भएको म/हामी यस नगरपालिकाको .................................... क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोली उक्त क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्था ऐन २०६८, को दफा १३ उपदफा ३ र नियमावली २०७० को उपनियम १ तथा यस कार्यविधिको दफा ३७ “क” बमोजिम अनुमति पत्र पाउन यो निवेदन पेश गरेको/गरेकी छु/छौं ।

**विवरण :-**

१. फोहोरमैला व्यवस्थापन गर्न आवश्यक आर्थिक स्रोत, जनशक्ति, संकलन र ढुवानी साधन, कार्य अनुभव विवरण ।

२. फोहोरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र ।

३. फोहोरमैला व्यवस्थापन गर्न आवश्यक जग्गाको व्यवस्था ।

४. फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना ।

५. फोहोरमैला व्यवस्थापन गर्ने तरिका र विधि ।

कनकाईराजपत्र

६. फोहोरमैला व्यवस्थापनमा प्रयोग गर्ने प्रविधि ।

७. कर चुक्ता गरेको प्रमाण-पत्र ।

८. संस्था/फर्म/कम्पनी नवीकरण पत्र ।

निवेदक

संस्थाको चिन्ह/छाप

हस्ताक्षर :-
नाम/थर :-
ठेगाना/कम्पनी :-
सर्म्पक नं. :-
मिति :-

कनकाइराजपत्र

**अनुसूचि-३**
**(दफा-३७, "क" संग सम्बन्धित)**

श्री नगर प्रमुखज्यू,
कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
जामुनबारी,झापा ।

**विषय :- अनुमति-पत्र ।**

महोदय,

तपाई........................................................................................................................ ..मा स्थायी/अस्थायी ...................................... ठेगाना भएको श्री ................................................... ले जिल्ला ............................................................ कनकाई नगरपालिकाको .................................................. क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न चाहेकोले मिति ...................................... मा यस कार्यालयमा दिनु भएको निवेनका अधिनमा रही फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ को उपदफा ३ र नियमावली २१ को उपनियम ३ बमोजिम यो अनुमति-पत्र प्रदान गरिएको छ ।

सर्तहरु :-

१. .....................................................
२. ..........................................................
३. ............................................................
४. ........................................................

अनुमति-पत्र प्रदान गर्ने अधिकारी
दस्तखत :-
नाम/थर :-
ठेगाना :-
सर्म्पक नं. :-
मिति :-



कनकाई राजपत्र

**अनुसूचि-४**
**(दफा-३७, "क" संग सम्बन्धित)**

श्री नगर प्रमुखज्यू,
कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
जामुनबारी,झापा ।

**विषय :- अनुमति-पत्र नवीकरण गरिपाऊँ ।**

महोदय,

..................................कनकाई नगरपालिकाको ...................................... क्षेत्रमा फोहोरमैला व्यवस्थापन गर्न त्यस कार्यालयबाट मिति २०.........../.........../...........मा अनुमति-पत्र प्राप्त गरेकोमा उक्त अनुमतिको म्याद मिति ................................ सम्म रहेको छ । फोहोरमैला व्यवस्थापन नियमावली २०७०को नियम १३ तथा यस कार्यविधिको दफा ३५ "क" अनुसार नवीकरण दस्तुर रु. ................. संलग्न गरी अनुमति-पत्र नवीकरणका लागि यो निवेदन पेश गरेको छु ।

**संस्थाको चिन्ह/छाप**

निवेक
हस्ताक्षर :-

नाम/थर :-
ठेगाना/कम्पनी :-
सर्म्पक नं. :-
मिति :

कनकाई राजपत्र

## अनुसूचि-५
## (दफा-३७ को “झ” संग सम्बन्धित)

कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
जामुनबारी, झापा

### परिचय-पत्र

**परिचय प्रापकको फोटो/फर्मको छाप**

१. परिचय पत्र नं. र मिति

२. परिचय पत्र प्रापक घरमुली/प्रोपाइटर/भाडावालाको नाम/थर

३. ठेगाना : कनकाई न.पा. वडा नं. ................. टोल/वस्ती ............................

घर नं. .......................... सम्पर्क टेलिफोन नं. ..................................................

नागरिकता नं. ......................................................

४. परिवारिक विवरण

| क.सं | नाम/थर | पेश | उमेर | लिङ्ग |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |

५. पारिवारिक विवरणः-

महिला ........................ पुरुष ............................ जम्मा ..............................

कनकाई राजपत्र

६. पसल/फर्म/कम्पनी भए नियमित उपश्चित रहने व्यक्तिहरुको संख्या महिला........पुरुष............जम्मा उपस्थित .........................

७. फोहोर उत्पादन परिणाम र विवरण

क) कुहिने ..................... केजी

ख) नकुहिने (शिशा जन्य) ............... केजी/बटा

ग) नकुहिने प्लाष्टिक जन्य/पुनः प्रयोग हुने ................. केजी/बटा

घ) औषधी जन्य ......................... केजी/बटा

८. उल्लेखित फोहोर आफैं व्यवस्थापन गर्न सक्ने/नसक्ने :-
...........................................................

परिचय पत्र दिने पदाधिकारीको
नामः
पदः
सहीः
मिति

कनकाईराजपत्र

## अनुसूचि-६
## (दफा-३७ को “ञ” संग सम्बन्धित)

श्री नगर प्रमुखज्यू,
कनकाई नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
जामुनबारी,झापा ।

विषय : विवरण उपलब्ध वा अद्यावधिक गरिएको बारे ।

महोदय,

प्रस्तुत विषयमा म ............................................... कनकाई न.पा. वडा नं. ............ टोल/वस्ती/ ....................... घर नं. ......................... स्थायी/अस्थायी बसोवास गर्ने व्यक्ति हुँ । मेरो घर/पसल/संस्थाको विवरण तथा फोहोर उत्पादनको परिणाम न.पा. को फोहोरमैला कार्यविधिको दफा ३७ “ज” बमोजिम अद्यावधिक गरेको व्यहोरा सादर अनुरोध छ ।

विवरण

१. घरमुली/प्रोपाइटर/भाडावालाको नाम/थर

२. ठेगाना : कनकाई न.पा. वडा नं. .......................... टोल/वस्ती ........................

घर नं. .................... सम्पर्क नं. ................................................

३. पारिवारिक विवरण :- महिला .................. पुरुष .................... जम्मा .........................

| क्र.सं | नाम/थर | पेश | उमेर | लिङ्ग |
|---|---|---|---|---|
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |



कनकाई राजपत्र

४. पसल/फर्म/कम्पनी भए नियमित उपस्थित रहने संख्या महिला .................. पुरुष .............. जम्मा ..............................

५. फोहोर उत्पादन परिणाम र विवरण

क) कुहिने ........................................ केजी

ख) नकुहिने .................................... केजी/गोटा (शिसाजन्य)

ग) नकुहिने (प्लाष्टिक जन्य/पुन प्रयोग हुने) .......................... केजी/गोटा

घ) औषधि जन्य ........................... केजी/गोटा

६. उल्लेखित फोहोर आफैं व्यवस्थापन गर्ने भए के, कति, कुन फोहोर कहाँ व्यवस्थापन गर्ने सो खुलाउने .....................................

**फर्म/पसल/ कम्पनिको छाप**

निवेदक

हस्ताक्षर :-

नाम/थर :-

ठेगाना/कम्पनी :-

सम्पर्क नं. :-

मिति :-

**आज्ञाले**

**रुद्रप्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**

कनकाई राजपत्र